स्थायी लेखा नं.: ३०३४२५०२७ सामाजिक कल्याण परिषद् आवद्धता नं.: ३७८७६ जि.प्र.का. काठमाडौं, दर्ता नं.: ०७/२०१९/४/३

# नेपाल इन्जिनियर्स एशोसिएसन

केन्द्रीय कार्यालय
पुल्चोक, ललितपुर

३४औं केन्द्रीय कार्यकारिणी समिति

अध्यक्ष
इ. सुबास चन्द्र बराल
उपाध्यक्ष
इ. प्रकाश के.सी.
महासचिव
इ. विनोद प्रकाश पण्डित
उप-महासचिव
इ. अनिल मानन्धर
कोषाध्यक्ष
इ. सुमन थापा
सह-कोषाध्यक्ष
इ. कृष्ण प्रसाद पोखेल

सदस्यहरु
आ. प्रियंका गुप्ता
इ. संजय कुमार साह
इ. नेत्र प्रसाद देवकोटा
इ. अनिल पौडेल
इ. भैरव धिताल
इ. सुजन श्रेष्ठ
इ. विक्रम कुमार दास
इ. लोकेन्द्र अधिकारी
इ. एमेन्द्र गुरुङ
इ. यम कृष्ण पौडेल
इ. प्रभुराम पोखरेल
इ. जय किसुन राय
इ. टिकाराम पोखेल (कर्णाली प्रदेश)
इ. पूर्ण कुँवर (सुदूरपश्चिम प्रदेश)
इ. अबित के.सी. (गण्डकी प्रदेश)
इ. पवन कुमार झा (कोशी प्रदेश)
इ. आकाश वर्मा (लुम्बिनी प्रदेश)
इ. मेघनाथ ढकाल (बागमती प्रदेश)
इ. तेज नारायण यादव (मधेश प्रदेश)

मिति २०८२ असार २९

## प्रेस विज्ञप्ति

नेपालको इन्जिनियरिङ शिक्षाको आधारस्तम्भ मानिने इन्जिनियरिङ अध्ययन संस्थान (इ.अ.सं.) मा कार्यरत प्राध्यापकहरुको विगत सातादेखि जारी आन्दोलनले शिक्षण कार्यमा अवरोध पुगेको र विगत २६ वर्ष देखि विकेन्द्रीकरण प्रणालीमा अव्वल रुपमा संचालन भइरहेको शैक्षिक संस्थाको स्वायत्तता माथी घुमाउरो किसिमले प्रहार गर्ने प्रपन्च हुन लागेको, त्रिभुवन विश्वविद्यालयको नेतृत्व र व्यवस्थापनको हस्तक्षेपकारी नीतिका कारण संस्थाको आर्थिक तथा शैक्षिक स्वायत्तता माथी गंभीर चुनौती उत्पन्न भएको भन्ने समाचारप्रति यस एशोसिएसनको गम्भीर ध्यानाकर्षण भएको छ ।

गुणस्तरीय इन्जिनियरिङ शिक्षामा लामो इतिहास कायम गरी राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिष्ठा एवं पहिचान बोकेको इन्जिनियरिङ अध्ययन संस्थानलाई पूर्ण रुपमा स्वायत्तता प्रदान गरि इन्जिनियरिङ विश्व विद्यालयको रुपमा विकास र विस्तार गर्दै लैजानु पर्नेमा अझ संकुचित र अधिकार विहिन बनाउन खोजिनु राम्रो संकेत होइन ।

तसर्थ हाल सामूहिक राजिनामा दिइ आन्दोलनरत प्राध्यापकहरुको मागप्रति नेपाल इन्जिनियर्स एशोसिएसन पूर्ण ऐक्यवद्धता जाहेर गर्दछ र निम्न बुदाँगत मागहरुमा आफ्नो दृढ समर्थन व्यक्त गर्दछ ।

१. इन्जिनियरिङ अध्ययन संस्थानमा २०५५ सालदेखि लागु विकेन्द्रीकरण तथा स्वायत्तता सम्बन्धी नीति, विधि र अभ्यासहरूको पूर्ण कार्यान्वयन गरियोस् ।

२. इ.अ.सं. को आर्थिक, शैक्षिक तथा प्रशासनिक स्वतन्त्रता माथि भएका कुनै पनि हस्तक्षेप तुरुन्त खारेज गरियोस् र संरचना प्रणाली स्वायत्त बनाइयोस् ।

३. विद्यमान आन्दोलनलाई दीर्घकालीन समाधानतर्फ लैजान, इन्जिनियरिङ विश्वविद्यालयको स्थापनाको खाका तयार गरी कार्यान्वयन प्रक्रिया अगाडि बढाइयोस् ।

उपरोक्त विषयमा सम्पूर्ण इन्जिनियर, विद्यार्थी, शिक्षक, एवं सरोकारवाला निकायहरूलाई आ-आफ्नो स्थानबाट गुणस्तरीय इन्जिनियरिङ शिक्षाको रक्षाका लागि ऐक्यबद्धता जनाउन नेपाल इन्जिनियर्स एशोसिएसन हार्दिक अपिल गर्दै सम्बन्धित निकायलाई जिम्मेवार भई समस्याको समाधान निकालि विद्यार्थीहरुको पठनपाठन सुचारु गर्ने वातावरण निर्माणका लागि अनुरोध गर्दछ ।

Binod

इ. विनोद प्रकाश पण्डित
महासचिव